जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २६८ २०७९ साल जेठ १९ गते बिहीबार (2 June 2022 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**



डढेलो नियन्त्रण गरौं, बातावरण जोगाऔं।

डढेलोले,

- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



*यस अंक भित्र :* २ पृष्ठमा : जनक शिक्षामा अझै ३३ लाख थान... ३ पृष्ठमा : नेपालमा विमान दुर्घटनाका.. ३ पृष्ठमा : सुर्तिजन्य पदार्थको सेवनबाट..


## भारतीय नागरिक चार किलो चाँदीका गरगहनासहित पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १८ जेठ ।**

सशस्त्र प्रहरीले एक भारतीय नागरिकलाई चार किलो चाँदीको गरगहनासहित पक्राउ गरेको छ ।

प्रहरीले भारतीय सिमासँग जोडिएको सप्तरीको बोदेवर्साइन नगरपालिका ९ इट्टाभटा क्षेत्रबाट बिहार राज्यको खुटौना ग्राम पंचायत ११ का २२ वर्षिय बशिस्ट चौधरीलाई पक्राउ गरेको हो ।

कम्मरमा बेरेर लुगाले छोपी भारतबाट गहना बोकेर पैदल आउदै गरेको अवस्थामा सशस्त्र प्रहरी बल स्वर्णपट्टीको गस्ती टोलीले चौधरीलाई पक्राउ गरेको हो । उनको साथबाट चाँदीको २८ जोर पाउजु (पायल) बरामद गरिएको सशस्त्र प्रहरी बल नम्बर ६ गण हेडक्वाटर सप्तरीले जनाएको छ ।

चार लाख ३८ हजार ९ सय ५७ रुपैया मुल्यको ४ किलो चाँदीको गरगहना बरामद गरेको बताउँदै सशस्त्र प्रहरी बल नम्बर ६ गण हेडक्वाटर सप्तरीका प्रहरी उपरिक्षक प्रदिप खडकाले नाका क्षेत्रमा निगरानी बढाउँदा यस्तो सफलता मिलेको बताए ।

मंगलवार राती पक्राउ परेका उनलाई बुधवार आवश्यक कार्यवाहीका लागी चाँदीको अबैध गरगहना सहित तिलाठीस्थित राजविराज भन्सार कार्यालय बुझाइएको प्रहरी उपरिक्षक खडकाले जानकारी दिए ।

जिल्लाको विभिन्न नाका हुदै चाँदीका गरगहना तस्करी हुदै आएको छ । भारतमा तयार पारिएको चाँदीका रेडिमेड गरगहनाको माग बढी हुने गरेकाले केही तस्कर भन्सार छलेर ल्याउने र स्थानीय सुनचाँदीका पसलमा बेच्ने गरेका छन् ।

## कुटपिट मुद्दामा १७ वर्षदेखी फरार प्रतिवादी पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १८ जेठ ।**

प्रहरीले कुटपिट मुद्दामा अदालतबाट कैद सजाय तोकिएका फरार रहेका एक प्रतिवादीलाई १७ वर्ष पछि पक्राउ गर्न सफल भएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार कुटपिट मुद्दामा अदालतबाट १७ वर्ष अघि कैद सजाय तोकी फरार रहेका सप्तरीको विष्णुपुर गाउँपालिका १ निवासी ४२ वर्षिय लाल देव यादव बुधवार पक्राउ गरेको हो ।

घरमै लुकि बसेको गोप्य सुचनाको आधारमा पुगेको प्रहरी टोलीले उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिएका छन् ।

दिपेन्द्र कुमार यादवको जाहेरीले बादी नेपाल सरकार तथा प्रतिवादी लालदेव यादव रहेको उक्त कुटपिट मुद्दामा सप्तरी जिल्ला अदालतले २०६१ साल असार १० गते ३ महिना कैद र ७ सय २५ रुपैया जरिवानाको फैसला गरेको थियो । तत्कालिन पुनरावेदन अदालत राजविराजले पनि २०६४ साल असार ४ गते सुनवाई गर्दै उक्त फैसला सदर गरेको थियो ।

पक्राउ परेका यादवलाई बुधवार नै सप्तरी जिल्ला अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद सजाय भुक्तानका लागी राजविराज कारागार चलान गरीएको प्रहरीले जनाएको छ ।

## निवर्तमान प्रमुख साहद्वारा नवनिर्वाचितलाई बधाई र मतदातालाई धन्यवाद

**दैनिक समाचारदाता**
**राजविराज, १८ जेठ ।**



सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका निवर्तमान नगर प्रमुख शैलेश प्रसाद साहले नवनिर्वाचित पदाधिकारीहरुलाई बधाई दिँदै मतदाताहरुलाई धन्यवाद दिएका छन् ।

बुधवार संचारकर्मीहरुसंग कुरा गर्दै साहले राजनीतिमा हार-जित स्वभाविक भएको भन्दै हिजोका दिनमा जसरी नगर र नगरवासीका लागी जे जती काम गर्न सके त्यो पदमा नपुगे पनि


***बाँकी अन्तिम पृष्ठमा***


## पत्रकार महासंघका पूर्वसभापति यादवलाई मातृशोक



**दैनिक समाचारदाता**
**राजविराज, १८ जेठ ।**

नेपाल पत्रकार महासंघ सप्तरी शाखाका पूर्वसभापति एवं प्रेस काउन्सील नेपालका पूर्वसदस्य मुरली प्रसाद यादवलाई मातृ शोक परेको छ । उनका ८५ वर्षिया आमा भुलरवती देवी यादवको बुधवार निधन भएको हो ।

केही दिनदेखी दम रोगले पीडित उनको राजविराज १६ बोरियास्थित निवासमै विहान ६ बजे तिर निधन भएको परिवारजनले जनाएको छ ।

यादवका एक छोरा र एक छोरी छन । बुधवार नै उनको निजी बगैचा परिसरमा अन्त्येष्टि गरिएको छ । यता पत्रकार महासंघ सप्तरीका सभापती श्रवण देव र फोटो पत्रकार महासंघ सप्तरीका अध्यक्ष मनोज कुमार माझीले छुट्टाछुट्टै विज्ञप्ती मार्फत यादवको निधनमा गहिरो दुःख प्रकट गरेका छन् ।


जन ज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

### ट्युवेल र धाराको पानी पिउने बानी बिर्सदा ... जार र बोतलको पानीमा मुल्य बृद्धि

हाम्रो मुलुक नेपालमा अहिले सबै थोकमा मुल्य बृद्धि भइरहेको छ । खाद्यान्नदेखी पिउने पानीसम्मको मुल्यमा बृद्धि भएको छ । पहिला पहिला पेट्रोलियम पदार्थ मध्ये मट्तिलमा मुल्य बृद्धि हुने गरेको सुनिन्थ्यो भने अहिले डिजल, पेट्रोल, खाना पकाउने ग्यासमा मुल्यमा बृद्धि भइरहेको छ । हुन पनि हो, पहिला मानिसहरुले स्टोभमा खाना पकाउने गर्थे । जसमा मट्तिलको प्रयोग हुन्थ्यो । तर, अहिले मानिसहरु आधुनिकीकरणतर्फ उन्मुख हुँदै जाँदा अब खाना ग्यासमा पकाउन थालेपछि त्यसको आपूर्ती समेत बढ्दो छ । जसकारण ग्यास सिलिण्डरको मुल्यमा बृद्धि हुँदै गएको छ । यता मट्तिलको मुल्य बृद्धि हुनुका साटो मट्तिल नै बिस्थापित हुने अवस्थामा पुगेको छ । बजारमा मट्तिल सहजै रुपमा पाउने अवस्थामा छैन् । मट्तिलको अहिले अधिकांश मेशिनरी सामानहरु धुने काममा प्रयोग गरिएको देखिन्छ ।

यस्तै पहिलाका जमानामा साइकलको बढी प्रयोग हुने गर्दा डिजल र पेट्रोलको खासै खपत हुन्थेन । तर, अहिले साइकल अधिकांश मर्निङ वाकमा प्रयोग हुने गर्दछ । यसलाई शारिरीक व्यामको रुपमा प्रयोग गर्ने गरिन्छ । अब मोटरसाइकल र चार पांग्रे सवारी साधनहरु व्यापक रुपमा प्रयोग हुने गर्दा ती सवारीसाधनहरु डिजल र पेट्रोलबाट संचालित हुने गर्दा डिजल र पेट्रोलको माग बढ्दै जाँदा मुल्य पनि बृद्धि हुँदै गएको छ । यति हुँदा हुँदै पनि मानिसहरुले बिलासिताको जिवन बिताउने क्रममा ट्युवेल वा धाराको पानी प्रयोग गर्नुको साटो अहिले रेडिमेड जार र बोतलको पानी बढी प्रयोग हुने गरेको छ । जसकारण अब बोतल र जारको पानीमा समेत मुल्य बृद्धि भएको छ । यसले के अर्थ राख्छ भने मानिसहरुले जति जति बिलासिताको जिवन यापन गर्नेतर्फ उन्मुख हुँदैछन् ती सामानहरुको मुल्य पनि उनीहरुको आवश्यकता अनुसार बृद्धि भइरहेको छ ।

आधुनिक युगमा बिलासिताको जिवन यापन गर्ने क्रममा पुराना सामानहरुको माग घट्दा ती बस्तुहरु बिस्थापित हुने खतरा उत्पन्न भइरहेको छ । तसर्थ बिलासिताको जिवन यापन गर्नुमा कुनै दुईमत छैन् तर प्राकृतिक सामानहरुको प्रयोग गर्न हामी बञ्चित नहोऔं ।

# जनक शिक्षामा अझै ३३ लाख थान पाठ्यपुस्तक छपाई बाँकी

**रमेश गिरी**
भक्तपुर, १८ जेठ (रासस) ।

यस वर्षको शैक्षिक सत्र सुरु भएको तीन साता बित्नैलाग्दा पनि विद्यार्थीको हातमा पाठ्यपुस्तक पुग्न सकेको छैन । विद्यालय तहका कक्षा ४ देखि कक्षा १० सम्मको पाठ्यपुस्तक छपाइ एवं वितरणको जिम्मा पाएको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले सबै पुस्तक समयमै छपाइ तथा वितरण गर्न नसक्दा देशभर पाठ्यपुस्तक अभाव भएको हो ।

सरकारले कक्षा १ देखि ३ सम्मको पाठ्यपुस्तक छाप्ने जिम्मा निजी क्षेत्रलाई दिएपछि जनक शिक्षाले कक्षा ४ देखि १० सम्मको पाठ्यपुस्तक छाप्दै आएको छ । विगतमा पनि केन्द्रले समयमै पुस्तक छाप्न नसकेको भन्दै केही वर्षअघिने सरकारले निजी क्षेत्रलाई पुस्तक छपाइको जिम्मा दिएको थियो ।

जनक शिक्षाले अझै ३३ लाख थान पाठ्यपुस्तक छाप्नै बाँकी रहेको छ । चालू शैक्षिक सत्रका लागि आवश्यक एक करोड ९८ लाख थान पुस्तक छाप्नुपर्नेमा अहिलेसम्म १ करोड ६५ लाख थान मात्रै पाठ्य पुस्तक पछाई सकिएको केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले जानकारी दिनुभयो ।

जनक शिक्षाले विद्यालय तहको ८५ प्रतिशत पुस्तक पछाइ सम्पन्न गरेको र १५ प्रशितत छपाई भइरहेको जनाएको छ । "यस वर्षको शैक्षिक सत्रलाई जनक शिक्षाले एक करोड ९८ लाख थान पाठ्य पुस्तक छाप्नु पर्ने हो, अहिलेसम्म १ करोड ६५ लाख थान पुस्तक छपाई सम्पन्न भएर वितरण गरिसक्यौ, बाँकी पुस्तक असार पहिलो सातासम्म छपाई सक्छौ र अबको एक महिनाभित्र नै विद्यार्थीको हातहातमा पुस्तक पुग्छन्", झाले भन्नुभयो ।

केन्द्र बिक्रेतामार्फत ७७ वटै जिल्लामा पुस्तक वितरण सुरु गरिसकेको जनाउँदै उहाँले काठमाडौं उपत्यकाभन्दा बाहिर हिमाली तथा पहाडी जिल्लालाई प्राथमिकतामा राखेर पुस्तक वितरण गरेको बताउनुभयो । बहिरी जिल्लामा अपुग भएको पुस्तक दैनिक एक/दुई ट्रक पठाइ रहेको पनि उहाँले जानकारी दिनुभयो ।

केन्द्रका सूचना अधिकृत चित्र आचार्यले पुस्तक वितरण ढिलाई हुँदा विद्यार्थीको हातमा पुग्न पनि ढिलाई भएको दाबी गर्नुभयो । उहाँले देशभर पुस्तक अभाव भनेर हल्ला भएभै नभएको दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "शैक्षिक सत्र सुरु हुनुभन्दा १५ दिन अगाडिनै पुस्तक बिक्री वितरण हुनुपर्थ्यो, यस वर्ष स्थानीय तह निर्वाचनले गर्दा जेठ ९ गतेबाट मात्रै पुस्तक वितरण सुरु भयो, फेरी बाहिर हल्ला भएभैं सबै पुस्तक सबै ठाउँमा अभाव भएको छैन, केही कक्षाका सेटमा एक दुई विषयको पुस्तक अपुग भएको छ, त्यो पनि असारको २० गतेसम्म सबै विद्यार्थीको हात हातमा पुग्छ ।"

कक्षा ४, ७ र ९ को कोर्ष नयाँ भएकाले ती कक्षाका सबै विषयको पुस्तक सेटमै सबै विद्यार्थीको हातमा पुगेको दाबी गर्दै उहाँले ५, ६ र ८ को पुस्तकको हकमा भने सेटमा केही विषय कुनै कुनै जिल्लामा मात्रै अपुग रहेको दाबी गर्नुभयो । यस वर्ष निजी विद्यालयले पनि जनक शिक्षाको केही पुस्तक केही कक्षामा लगाएकाले केही विषय बजारमा अभाव भएकाले त्यस्ता विषयको पुस्तक बढी छाप्नुपर्ने अवस्था आएको उहाँको भनाइ छ ।

कागजको नियमित आपूर्ती नहुँदा र जनक शिक्षाले स्थानीय तहको निर्वाचनको मतपत्र छपाईलाई बिशेष ध्यान दिएर त्यसमै जनशक्ति एवं छापाखाना प्रयोग गर्नु पर्दा पुस्तक छपाईमा केही ढिला हुन गएको सूचना अधिकृत आचार्यले बताउनुभयो । अहिले जनक शिक्षाले दैनिक ८० हजार थान पुस्तक छाप्दै आएको र प्रज्ञा प्रतिष्ठानले २५ हजार थान गरेर दैनिक एक लाख ५ हजार थान पुस्तक छाप्दै आएको उहाँले जानकारी दिनुभयो ।

यसैबीच केन्द्रले पुस्तक छपाईमा ढिलाई गरेपछि संघीय संसद प्रतिनिधिसभाअन्तर्गतको शिक्षा तथा स्वास्थ्य समितिलेसमेत केन्द्रका प्रबन्ध निर्देशक झासँग सोधपुछ गरेको थियो । उहाँले रुस-युक्रेनबीचको युद्धका कारण कागज नआउदा र स्थानीय तहको निर्वाचनका लागि मतपत्र छपाई गर्दा समयमै पुस्तक छाप्न नसकिएको बताउनुभयो ।

असोज २४ गते चैतको १० गतेसम्ममा सम्पूर्ण कागज आपूर्ति गरिसक्नुपर्ने सम्भौता कागज सप्लायर्ससँग गरिए पनि त्यस बीचमा रूस-युक्रेन युद्ध सुरु भए पछि कागज आपूर्तीका समस्या भएकाले पुस्तक पछाईमा ढिला भएको दाबी केन्द्रको छ ।

समितिले एक महिनाभित्र पुस्तक छापेर पुस्तक विद्यार्थीसम्म पुर्‍याउन निर्देशन दिएको थियो भने गत आइतबार शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले केन्द्रको अनुगमनमा जाँदा सार्वजनिक बिदा मनाउन घर बस्नु भएका झा केन्द्रमा भेटिनु भएको थिएन ।

मन्त्री पौडेल अनुगमनका क्रममा केन्द्रका प्रबन्ध सञ्चालक झालाई यस वर्ष शैक्षिक सत्र सुरु हुनु अगाडि नै विद्यार्थीको हातहातमा पुस्तक पुर्‍याउन निर्देशन दिनु भएको थियो ।

कुनै पनि बाहनामा पुस्तक छपाईमा ढिला र अभाव नहोस् भन्दै मन्त्री पौडेलले निर्देशन दिँदा झाले त्यसबेला यस वर्ष कुनै पनि बाहनामा पुस्तक छपाईमा ढिला नहुने प्रतिबद्धता जनाउनु भएको थियो ।

# नवनिर्वाचितका घोषणा : अस्पताल निर्माणदेखि किरिया खर्चसम्म

जनकपुर, १८ जेठ (रासस) ।

स्थानीय तहमा नेतृत्वदायी भूमिकामा निर्वाचित भएसँगै स्थानीय तहका प्रमुखले आ-आफ्ना प्राथमिकताका योजना सार्वजनिक गर्दै पदभार ग्रहण गरेका छन् । कतिपय तहका प्रमुखले स्वास्थ्य, शिक्षा, खानेपानीको योजनालाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाएका छन् भने कतिपयले व्यक्तिगत घटना दर्ता निःशुल्क गर्नेदेखि विपन्न परिवारलाई किरियाखर्च उपलब्ध गराउनेसम्मको घोषणा गरेका छन् ।

सप्तरीको कान्छो गाउँपालिकाको रुपमा परिचित बलान बिहुल गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष खेमचन्द्र यादवले जनतालाई निःशुल्क र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन गाउँपालिकाले छुट्टै अस्पताल स्थापना गर्ने घोषणा गर्नुभएको छ ।

"गाउँपालिकामा वरिष्ठ चिकित्सकसहितको अस्पताल छैन, जसका कारण यहाँका नागरिक उपचार गर्न ठूलो रकम खर्चेर बाहिर जानुपर्ने बाध्यता छ", अध्यक्ष यादवले भन्नुभयो, "त्यसैले मेरो प्राथमिकतामा वरिष्ठ चिकित्सकसहितको अस्पताल सञ्चालन गर्ने रहेको छ ।" सो अस्पतालबाट यहाँका जनतालाई निःशुल्क र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइने उहाँले बताउनुभयो ।

गाउँपालिकामा एम्बुलेन्स सुविधा नहुँदा कतिपय बिरामीहरूलाई अस्पतालसम्म पुऱ्याउन समस्या भइरहेको पाइएकोले तत्काल गाउँपालिकाबाट एम्बुलेन्स खरिद गरिने उहाँले बताउनुभयो । गाउँपालिकाको पहिलो बैठकबाट तत्काल अत्यावश्यक औषधि खरिद गरी पालिकाभित्रका सबै स्वास्थ्य संस्थामा औषधि उपलब्ध गराउने निर्णय गरेको छ । यस्तै पालिकाले सबै नागरिकको स्वास्थ्यमा पहुँच अभिवृद्धि गराइने योजना बनाएको छ ।

भौतिक पूर्वाधारको दृष्टिकोणले पछाडी परेको गाउँपालिकाको हरेक सडकलाई पाँच वर्षभित्र पक्की बनाउने लक्ष्यका साथ कार्य अघि बढ्ने उल्लेख गर्नुहुँदै आफ्नो कार्यकालमा गाउँपालिकालाई नमूना गाउँपालिकाको रुपमा विकास गर्ने यादवले जानकारी दिनुभयो ।

डा सिके राउत नेतृत्वको जनमत पार्टीको तर्फबाट निर्वाचित गाउँपालिका अध्यक्ष यादवले विकास निर्माणमा पारदर्शीता र सुशासनलाई परिपालन गरिनेसमेत प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यस्तै धनुषाको सबैला नगरपालिकाका अध्यक्ष कारिराम यादवले किसानले सिँचाइको लागि खपत गरेको विद्युत् महसुलको रकम नगरले तिर्ने घोषणा गर्नुभएको छ । सबैला नगर क्षेत्रभित्र जडान भएको कृषि मिटरले किसानले कृषि उपजको लागि खपत गरेको बिजुलीको बिल कार्यालयले व्यहोर्ने उहाँले बताउनुभयो ।

सबैलाका दीर्घरोगी, सुगर र उच्च रक्तचापका बिरामीलाई नगरबाट निःशुल्क औषधि वितरण गर्ने र शहीद तथा बेपत्ता परिवारलक्षित कार्यक्रमसमेत ल्याउने निर्णय लिएको उहाँको भनाइ छ । साथै, सामाजिक सुरक्षाभत्ता समयमै उपलब्ध गराउने, स्वास्थ्य केन्द्रमा मेडिकल अधिकृत व्यवस्था गरी तुरुन्त आकस्मिक सेवा सञ्चालन गरिने जनाइएको छ ।

सिरहाको लहान नगरका प्रमुखमा निर्वाचित महेश चौधरीले पदभार ग्रहण गरेकै दिन व्यक्तिगत घटना दर्ता निःशुल्क गरिने र आफ्नो तलब भत्ताबाट मासिकरुपमा दलित विपन्न परिवारलाई राहत वितरण गर्ने घोषणा गर्नुभयो । यसका साथै दलित परिवारलाई क्रियाखर्च रु पाँच हजार उपलब्ध गराउने घोषणा गर्नुभएका उहाँले शिक्षा, स्वास्थ्य र रोजगारी प्रवर्द्धनलाई प्राथमिकतामा

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाभ्रूपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालमा विमान दुर्घटनाका तथ्याङ्क

(सन् १९४६ मे ७ मा रोयल फोर्स एयर दुर्घटना (स्थान नखुलेको) मानविय क्षति भएन ।
(सन् १९५५ मा कालिंगा एयरको विमान सिमरा विमानथलमा दुर्घटना, २ जनाको मृत्यु ।
(सन् १९५६ मा इण्डियन एयरलाईसको विमान काठमाडौंमा दुर्घटना, १४ जनाको मृत्यु ।
(सन् १९५७ मा इन्डियन एयरलाइन्स पाट्नेभञ्ज्याङ, टीकारभैरवमा दुर्घटना, २० जनाको मृत्यु ।
(सन् १९५८ मा इण्डियन एयरलाईन्सको विमान टिकाभैरवमा दुर्घटना २० जनाको मृत्यु ।
(सन् १९६० मा नेपाल वायूसेवा निगमको विमान भैरहवामा दुर्घटना ४ जनाको मृत्यु ।
(सन् १९६२ मा नेपाल वायूसेवा निगमको विमान ढोरपाटनमा दुर्घटना १० जनाको मृत्यु ।
(सन् १९६२ मा नेपाल वायुसेवा (निगमको विमान ढोरपाटनमै दुर्घटना ६ जनाको मृत्यु ।
(सन् १९६९ मा नेपाल एयरलाइन्सको विमान बतासेडाडामा दुर्घटना ३५ जनाको मृत्यु ।
(सन् १९७० मा नेपाल एयरलाइसको विमान दिल्लीमा दुघर्टना १ जनाको मृत्यु ।
(सन् १९७० मा रोयललाईट जोमसोममा दुर्घटना १ जनाको मृत्यु ।
(सन् १९७२ मा रोयल लाईट धुलिखेलमा दुर्घटना ३१ जनाको मृत्यु ।
(सन् १९७५ मा नेपाल एयरलाइसको विमान काठमाडौंमा दुर्घटना ५ जनाको मृत्यु ।
(सन् १९७६ मा नेपाल एयरलाइसको विमान मेघौलीमा दुर्घटना ६ जनाको मृत्यु ।
(सन् १९७९ मा भिभिआइपी लाङटाङमा दुर्घटना ६ जनाको मृत्यु ।
(सन् १९८१ मा नेपाल एयरलाइसको विमान विराटनगरमा दुर्घटना १० जनाको मृत्यु ।
(सन् १९८४ मा नेपाल एयरलाइसको विमान भोजपरमा दुर्घटना १५ जना मृत्यु ।
(सन् १९८५ मा नेपाल आम सवार विमान दुर्घटना २५ जनाको मृत्यु ।
(सन् १९९२ मा थाई एयरको विमान रसुवाको याङफेदमा दुघर्टना ११३ जनाको मृत्यु ।
(सन् १९९२ मा पाकिस्तान एयरलाइन्सको विमान ललितपुरको भट्टेडाँडामा दुघर्टना १६७ जनाको मृत्यु ।
(सन् १९९२ मा एभरेष्ट एयरको विमान दुर्घटना १८ जनाको मृत्यु ।
(सन् १९९५ मा नेपाल एयरलाइसको विमान काठमाडौंमा दुर्घटना २ जनाको मृत्यु ।
(सन् १९९७ मा कर्णाली एयरको विमान सोलुमा दुर्घटना १ जनाको मृत्यु ।
(सन् १९९८ मा एटएससी लिबनी विमान दुर्घटना १८ जनाको मृत्यु ।
(सन् १९९८ मा एशियन एयरको विमान सोलुखुम्बुमा दुर्घटना ३ जनाको मृत्यु
(सन् १९९८ मा नेपाल एयरलाइन्सको विमान सोलुमा दुर्घटना १ जनाको मृत्यु ।
(सन् १९९९ मा नेकोन एयरको विमान जुम्लामा दुर्घटना ५ जनाको मृत्यु ।
(सन् १९९९ मा स्काईलाइनको विमान मकवानपुरमा दुर्घटना १० जनाको मृत्यु ।
(सन् २००० मा नेपाल एयरलाइन्सको विमान डडेल्धुरामा दुर्घटना २५ जनाको मृत्यु ।
(सन् २००१ मा फिस्टेल एयरको विमान रारा तालमा खस्दा ४ जनाको मृत्यु ।
(सन् २००२ मा स्काईलाईनको विमान सुर्खेतमा दुर्घटना ४ जनाको मृत्यु ।
(सन् २००२ मा सांग्रीला एयरको विमान कास्कीमा दुर्घटना १८ जनाको मृत्यु ।
(सन् २००४ मा यती एयरलाइन्सको विमान लमजुङमा दुघर्टना ३ जनाको मृत्यु ।
(सन् २००५ मा एयर डाइनेटिकको विमान रामेछापमा दुर्घटना ३ जनाको मृत्यु ।
(सन् २००६ मा यती एयरलाइसको विमान जुम्लामा दुर्घटना ९ जनाको मृत्यु ।
(सन् २००६ मा यती एयरलाइसको विमान लुक्लामा दुर्घटना १९ जनाको मृत्यु ।
(सन् २०१० मा अग्नी एयरको विमान मकवानपुरमा दुर्घटना १४ जनाको मृत्यु ।
(सन् २०११ मा तारा एयरको विमान ओखलढुंगामा दुर्घटना २२ जनाको मृत्यु ।
(सन् २०११ मा बुद्ध एयरको विमान ललितलपुरमा दुर्घटना १९ जनाको मृत्यु ।
(सन् २०१२ मा अग्नी एयरको विमान मुस्ताङको जोमसोममा दुर्घटना १५ जनाको मृत्यु ।
(सन् २०१२ मा सीता एअरको विमान भतपुरमा दुर्घटना १९ जनाको मृत्यु ।
(सन् २०१५ मा टर्किस एयरलाइन्सको विमान दुर्घटना, मानवीय क्षति भएन ।
(सन् २०१८ मा त्रिभूवन विमानस्थलमा बंगला एयरलाइन्सको दुर्घटना, ४५ जनाको मृत्यु ।
(सन् २०१८ मा नुवाकोट अल्टिच्युड एयरको हेलिकप्टर दुर्घटना ६ जनाको मृत्यु ।
(सन् २०१८ मा हुम्लाको सिमिकोट मकालु एयरको विमान, २ जनाको मृत्यु ।
(सन् २०१९ मा ताप्लेजुङको फुङलिङ सिस्नेभीरमा एयर डाइनेस्टीको हेलिकोप्टर दुर्घटना, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रविन्द्र अधिकारीसहित ७ जनाको मृत्यु ।
सन् २०१९ मा सोलुखुम्बुको लुक्ला विमानस्थलमा समिट एअरको एउटा विमान धावनमार्गको छेउमा रहेका दुईवटा हेलिकप्टर आपसमा ठोक्किँदा तीनजनाको मृत्यु भएको थियो ।
पोखरा–जोमसोम रुटमा धेरै दुर्घटना, ११७ जनाको ज्यान गयो
पोखरा–जोमसोम हवाइ रुट सबैभन्दा असुरक्षित देखिएको छ । यो रुटमा अहिलेसम्म १० वटा विमान दुर्घटना हुँदा ११७ जनाको मृत्यु भएको तथ्यांक छ ।
२०१९ सालमा बागलुङको ढोरपाटनमा नेपाल वायुसेवा निगमको जहाज दुर्घटना हुँदा १० जनाले ज्यान गुमाए ।
सोही वर्ष नेपाल वायुसेवा निगमकै जहाज ढोरपाटनमै दुर्घटना भयो । जतिबेला ६ जनाको मृत्यु भयो ।
८ वर्षपछि २०२७ सालमा रोयल लाइट विमान जोमसोममा दुर्घटना हुँदा एकजनाले ज्यान गुमाए ।
१८ वर्षअघि २०६२ सालमा यति एयरलाइन्सको विमान लमजुङमा दुर्घटना हुँदा तीनजनाले ज्यान गुमाएका थिए ।
त्यस्तै २०५६ सालमा पनि जोमसोम रुटमै पर्ने म्याग्दीको नारच्याङमा लुम्बिनी एअरको विमान दुर्घटना हुँदा चालक दलसहित १८ जनाको ज्यान गएको थियो ।
३ भदौ २०५९ मा जोमसोमबाट पोखरा फर्किएको सांग्रिला एयरको विमान पोखरामा दुर्घटना भयो । सो दुर्घटनामा १८ जनाको मृत्यु भएको थियो ।
२०६९ जेठ १ मा अग्नि एयरको विमान जोमसोममा दुर्घटना भएको थियो । विमानस्थल नजिकै पानी ट्याकीमा दुर्घटना हुँदा १५ जनाले यसमा ज्यान गुमाए ।
७ वर्षअघि २०७२ फागुन १२ मा तारा एयरको विमान दुर्घटना भयो । म्याग्दीमा भएको उक्त दुर्घटनामा २३ जनाको ज्यान गएको थियो ।
२०७३ साल भदौमा तारा एयरकै जहाज धावनमार्गबाट चिप्लिएर कालीगण्डकीमा खस्यो । तर त्यतिबेला मानवीय क्षति भएन ।
२०७९ को जेठ १५ गते तरा एयरकै जहाज दुर्घटना हुँदा २२ जनाको ज्यान गएको छ ।

प्रायः दुर्घटनाको कारण प्राविधिक भएको बताइन्छ । नागरिक उड्ययन प्राधिकरणलको तथ्याङमा ९५ प्रतिशत दुर्घटना प्राविधिक कारण भनेर देखाइएको छ ।

***नवनिर्वाचितका ...***

राखेर काम गर्ने बताउनुभयो ।

यस्तै सोही दिन चौधरीले नगरको ४ नं. वडामा फोहरमैला व्यवस्थापन केन्द्र तथा शवदाह गृह स्थापना गर्ने निर्णय गर्नुभयो । सिरहाकै गोलबजार नगरका नवनिर्वाचित प्रमुख श्यामकुमार श्रेष्ठले नगर क्षेत्रमा रहेका फुसका छाना भएका घरलाई विस्थापित गरी जस्ता पाताले छाउने, दलित समुदायका महिलालाई रु पाँच हजार सुत्केरी भत्ता तथा दलित समुदायको व्यक्तिगत घटना दर्ता निःशुल्क गर्ने घोषणा गर्नुभयो ।

गत शुक्रबार पदभार ग्रहण गर्नुभएका श्रेष्ठले नगरक्षेत्रमा तत्काल खोनेपानीको व्यवस्था मिलाउन प्राविधिक प्रक्रिया अघि बढाइनेसमेत घोषणा गर्नुभयो । नगरको उत्तरी क्षेत्र र मुख्य बजारमा खानेपानीको असुविधा रहेकाले तत्काल सञ्चालन गर्न 'बोर्डिङ' जडान गर्ने उहाँको भनाइ थियो ।

यस्तै जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साहले कार्यभार सम्हाल्दै फोहर व्यवस्थापनको जिम्मा वडालाई दिने निर्णय गर्नुभयो । सरसफाइको काम उपमहानगर कार्यालयबाट हुँदै आएकोमा अब नगरका सबै वडामा आवश्यक जनशक्ति तथा सफाइका साधन उपलब्ध गराई विकेन्द्रितरुपमा सम्पन्न गर्ने र यसका लागि २५ वटै वडा कार्यालयलाई सफाइको जिम्मेवारी प्रदान गर्ने नगरप्रमुख साहको भनाइ छ ।

धनुषाको जनकनन्दिनी गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष र उपाध्यक्षले कार्यभार सम्हालेसँगै तिन वटा निर्णय गरेका छन् । नवनिर्वाचित अध्यक्ष दिपीनदेव यादव र उपाध्यक्ष कमला सहगल पदभार ग्रहणलगत्तै गाउँपालिकाभर निःशुल्क इन्टरनेट प्रदान गर्ने गर्नुभयो । एक बिघाभन्दा कम जग्गा रहेका किसानलाई गाउँपालिकाले निःशुल्क कृषिमिटरसमेत वितरण गर्ने निर्णयसमेत गरिएको जनाइएको छ ।

गाउँपालिकाले गरिब, दलित र अल्पसङ्ख्यक नागरिकलाई अस्पतालसम्म पुऱ्याउन निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने निर्णय गरेको अध्यक्ष यादवले बताउनुभयो ।

स्थानीय तहमा नेतृत्वदायी भूमिकामा निर्वाचित जनप्रतिनिधिले नयाँ नयाँ योजना अघि सारेको पाइएको छ । तर, अधिकांश योजनाबिनानै घोषणा गरिएकाले कार्यान्वयन हुनेमा चुनौति देखिएको बताइन्छ ।


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### सुर्तिजन्य पदार्थको सेवनबाट कम्बोडियामा वर्षिक १५ हजारको मृत्यु

नोम पेन, १८ जेठ (रासस/सिन्ह्वा) ।

सुर्तिजन्य पदार्थको सेवनका कारण कम्बोडियामा बार्षिक १५ हजारभन्दा बढीको मृत्यु हुने गरेको छ ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले बुधबार दिएको जानकारीअनुसार सुर्तिजन्य पदार्थको सेवनबाट हुने मानवीय क्षति डर लाग्दो रहेको छ ।

सुर्तिजन्य पदार्थले मानवीय शक्तिसँगै वातावरणीय क्षेत्रसमेतमा नकारात्मक प्रभाव पारिरहेकाले यसको न्युनिकरणका लागि पनि डब्लुएचओका प्रतिनिधिहरुले ध्यानाकर्षण गराएका छन् ।

कम्बोडियाका लागि डब्लुएचओका प्रतिनिधि लि ऐलानले सुर्तिजन्य पदार्थको सेवनबाट अनावश्यक क्षेत्रमा खर्च गर्नु परेको बताउनुभयो ।

उहाँले सुर्तिजन्य पदार्थको सेवनका कारण विश्वभरी बार्षिक ८० लाख मानिसको मृत्यु हुने गरेको पनि जानकारी दिनुभयो ।

विश्व सुर्तिजन्य पदार्थ दिवसको अवसरमा सार्वजनिक गरिएको प्रतिवेदनमा सुर्तिजन्य पदार्थको प्रयोग घटाउन चेतनामुलक कार्यक्रम नै बढाउनु पर्नेमा जोड दिइएको छ ।

हरेक वर्षको मे ३१ तारिखमा विश्वभरी सुर्तिजन्य पदार्थसम्बन्धी दिवस विविध कार्यक्रम गरी मनाउने गरिन्छ ।

### सुडानमा सङ्कटकाल अन्त्यको संयुक्त राष्ट्रसंघद्वारा स्वागत

संयुक्त राष्ट्रसंघ, १८ जेठ (रासस/सिन्ह्वा) ।

सुडानमा सङ्कटकालको अन्त्य गरिएकामा संयुक्त राष्ट्रसंघले स्वागत गरेको छ । संयुक्त राष्ट्रसंघका प्रवक्ताले सो कार्यको स्वागत गनुभएको हो ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटर्रेसका प्रवक्ता स्टेफान डुजारिकले सुडानका सैनिक प्रमुखले गरेको सकंकटकाल अन्त्यको घटनाको स्वागत गर्नुभएको हो ।

सुडानमा गत वर्ष सैन्य कू भएको थियो । सो घटनापछि विश्वका नेतालाई सुडानलाई सैनिक शासनका अन्त्य गरी राजनीतिक निकासका लागि आग्रह गरिरहेका थिए ।

सुडानका लागि संयुक्त राष्ट्रसङ्घीय मिसनका प्रमुखले सुडनमा सङ्कटकालको अन्त्यका लागि आग्रह गर्नुभएको थियो ।

सुडानका लागि संयुक्त राष्ट्रसङ्घीय मिसनका प्रमुख भोल्कर पेर्थसले सुडानमा हाल जारी रहेको सङ्कटकालको अन्त्य गरेर यहाँको समस्या समाधानका लागि राजनीतिक निकास खोज्नुपर्ने बताउनुभएको थियो ।

सुडानमा पछिल्ला केही दिनमा राजनीतिक हिंसा भएको र यसबाट यहाँका नागरिकमा असुरक्षा बढेको भन्दै सुडानका सबै पक्षले अहिलेको हिंसालाई अघि बढाएर नभई शान्तिपूर्णरुपमा राजनीतिक निकास खोज्नुपर्नेमा संयुक्त राष्ट्रसंघको जोड रहेको छ ।

सुडानका सैन्य प्रमुख अब्देल फताह अल बुरानले यहाँ गएको वर्षदिनदेखि जारी रहेको सङ्कटकालीन अवस्थालाई आइतबारदेखि हटाएको घोषणा गर्नुभएको थियो ।

### युक्रेनबाट खाद्यान्न निर्यातका लागि सहयोग

ब्रसेल्स, १८ जेठ (रासस/सिन्हवा) ।

युरोपियन कमिसनले युक्रेनबाट खाद्यान्नको निर्यातका लागि सहयोग गर्ने जनाएको छ ।

युरोपियन कमिसनका अध्यक्ष उर्सुला भोन डेर लियनले सो कुरा बताउनुभएको हो । उहाँले युरोपियन कमिसनले युक्रेनबाट खाद्यान्न निर्यात गर्न सक्ने वातावरणका लागि आवश्यक सहयोग गर्नेतर्फ लागेको बताउनुभएको हो ।

यसै महिनाको सुरुवातमा युरोपियन कमिसनका अधिकारीले युक्रेनले आवश्यक मात्रामा खाद्यान्न निर्यात र आयात गर्न पाउनुपर्ने भन्दै त्यसका लागि वातावरण बनाउन विदेशी समुदायसँग आग्रह गरेको थियो ।

युक्रेनमा मानवीय सहायतास्वरुप विभिन्न देशले उपलब्ध गराएको खाद्यान्न आयात गर्न र त्यहाँ रहेका कतिपय खाद्यान्न निर्यात गर्न पाउनुपर्ने गरी वातावरण मिलाउनुपर्ने माग यसअघि उठ्दै आएको थियो ।

युक्रेनमा रुसले गरेको हमलामा परी ठूलो जनधनको क्षति पुगेको छ । त्यहाँ अहिले पनि कतिपय स्थानमा रुसी सैन्य हमला जारी नै रहेको छ ।

यस सैन्य आक्रमणबाट यहाँका नागरिकमा खाद्यान्न लगायतका मानवीय सहायताका सामग्रीको खाँचो रहेको छ ।

# मौसम सफा नभएसम्म उडान अनुमति नदिने निर्णय लागू

काठमाडौं, १८ जेठ (रासस)। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले जहाज प्रस्थान गर्ने विमानस्थल र गन्तव्य विमानस्थलको मौसम सफा नभएको खण्डमा उडानको अनुमति नदिने नियम बुधबारदेखि लागू गरेको छ। जहाज प्रस्थान गर्ने विमानस्थल तथा पुनर्पुर्ने विमानस्थलसहित 'इनरुट' को मौसम सफा नभएसम्म जहाजलाई उडान अनुमति नदिइने नियम बुधबारदेखि लागू गरिएको क्यानका महानिर्देशक ई. प्रदीप अधिकारीले जानकारी दिनुभयो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले मौसम सफा नभएका खण्डमा जहाजलाई उडानको अनुमति नदिने नियम बनाउन क्यानलाई सोमबार निर्देशन दिनुभएको थियो। क्यानले उडानका लागि बनाएको नयाँ नियम कार्यान्वयनमा समन्वय हुन नसक्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बुधबार हुने आन्तरिक उडानमा केही समय ढिलाइ भएको थियो।

उडान सुरक्षालाई ध्यानमा राखेर लागू गरिएको निर्णय कार्यान्वयनमा समन्वय हुन नसक्दा बिहान कम्तीमा पनि दुई घण्टा उडान ढिलो भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले जनाएको छ। बिहानको मौसम सफा भए पनि ६ बजे लुक्लाका लागि उड्न लागेको जहाजलाई अनुमति नदिँदा दुई घण्टाजति रोकिएको थियो। मौसमबारे जल तथा मौसम विज्ञान विभागले रिपोर्ट नदिएको भन्दै क्यानले उडानका लागि अनुमति नदिँदा उडान दुई घण्टा रोकिएको बताइएको छ।

प्रतिकूल मौसमका कारण देशमा पटकपटक हवाई दुर्घटना हुँदै आएको निष्कर्ष निकाल्दै क्यानले मौसम सफा नभएका खण्डमा जहाजलाई उडानको अनुमति नदिने निर्णय गरेको हो। महानिर्देशक ई अधिकारीका अनुसार यस्तो निर्णय आँखाले अगाडि हेरेरै गर्नुपर्ने उडान प्रणाली (भीएफआर) रहेको रुट र जहाजको हकमा लागू हुने भएको छ।

उक्त निर्णयपछि अब जहाज उड्ने रुटको मौसमसमेत सफा रहेको निश्चित भएपछि मात्र उडान अनुमति दिइने र यसको कडाइका साथ पालना गरिने क्यानले जनाएको छ। क्यानका अनुसार इनरुटको मौसम कस्तो छ भन्ने विवरण भने जल तथा मौसम विज्ञान विभागको तथ्याङ्कलाई आधार मानिनेछ।

प्रतिकूल मौसमका कारण आइतबार दिउँसो मुस्ताङको थासाङ गाउँपालिका-२ सानोसरेमा तारा एयरको जहाज दुर्घटनामा परेको क्यानको प्रारम्भिक अनुमान रहेको छ। उक्त जहाज दुर्घटनामा परी चालक दलका सदस्य तीन जना, १३ नेपाली, चार भारतीय तथा दुई जर्मन नागरिकसहित २२ जनाको मृत्यु भएको थियो।

## निवर्तमान प्रमुख ...

बाहिर बसेरै गरिरहने प्रतिबद्धता समेत व्यक्त गरे।

चुनावी नतिजा सहर्ष स्विकारेका साहले आफ्नो पराजयलाई प्राविधिक हारका रुपमा लिएको बताए। अर्को तिर विपक्षीले फैलाएको भ्रममा केही मतदाता फस्न पुगेको उनको बुझाई छ। साहले आफ्नो नतिजाबाट अधिकाँश नगरवासी चकित र दुखित भएको बताए।

उनले नवनिर्वाचीत नगरप्रमुख, उपप्रमुख, वडाअध्यक्ष र वडा सदस्य सबैलाई बधाई दिदै सकारात्मक काममा सधै सहयोग तथा नकारात्मक काममा सशक्त प्रतिपक्षको भुमिका निर्वाह गर्ने समेत नगरवासीमा प्रतिबद्धता व्यक्त गरेका छन्।

हालै सम्पन्न स्थानीयतहको निर्वाचनमा जनता समाजवादी पार्टीको तर्फबाट नगर प्रमुख पदका लागी उम्मेदवारी दोहऱ्याएका साह जनमत पार्टीका उम्मेदवार विरेन्द्र माझी संग झिनो मतले पराजित भएका हुन्।

# पिउने पानीको मुल्य बृद्धि

**दैनिक समाचारदाता**
**राजविराज, १८ जेठ।**

प्रशोधित पिउने पानी उत्पादकहरुले पानीको मूल्य वृद्धि गरेका छन्।

बिहीबारबाट लागू हुनेगरी नेपाल बोत्तल वाटर इन्डष्ट्रिज एशोसिएसनले जार तथा बोत्तलको पिउने पानीको नयाँ मूल्य सार्वजनिक गरेको हो।

अब, प्रशोधित पिउने पानीको एक लिटरको बोत्तलको फ्याक्ट्री मूल्य १६ रुपैयाँ कायम हुनेछ भने २० लिटरको एक जार पिउने पानीको मूल्य भने ४७ रुपैयाँ पर्नेछ। यस अघि वणिज्य विभागले बढाएर मूल्य तोक्न दिएको अनुमति घटाएरै नयाँ मूल्य तोकेको एशोसिएसनका अध्यक्ष दुर्गा गौतमले दाबी गरे।

संसदीय समितिको अनुगमन, निरीक्षण एवं बजारको मूल्य वृद्धिका आधारमा नयाँ मूल्य तोकेको उनको भनाइ छ। नयाँ मूल्य तुलनात्मक रुपमा पहिले तोकेको भन्दा सस्तो बनाइएको गौतमको दाबी छ।

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछ्याको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| विगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

ॐ यमाय धर्मराजाय श्री चित्रगुप्तायवै नमः

जि.प्र.का.द.नं. २७२०४८
स.क.प.आ.सं. ६८१३

## श्री चित्रगुप्त सेवा समिति

मुख्य कार्यालय - राजविराज, सप्तरी (नेपाल)
(स्थापित- वि.सं. २०२४ साल/१९६८ ई.)
फोन : ०३१-५२०८००

मितिः२०७९/२/१२

**विषय:-निर्वाचन (चुनाव) कार्यक्रम सम्बन्धमें।**

आजिवन/साधारण सदस्य श्री ..............................................................
..............................................................

उपर्यक्त सम्बन्धमें श्री चि.से.स.राजविराज निर्वाचन आयोग द्वारा आगामी कार्यकारणीक चयन बास्ते निम्न दिनाङ्क स्थान आ समयमें निम्नानुसारक कार्यक्रम होवाक निश्चय भेल अछि। कार्यक्रम समयमे अनिवार्य सहभागी हेवाक लेल आग्रह अनुरोध अछि।

**कार्यक्रम**

स्थान:- श्री चित्रगुप्त मन्दिर राजविराज-२, राजदेवी टोल,सप्तरी

| मिति | क्र.सं. | विवरण | समय |
|---|---|---|---|
| २०७९।०२।२८ | १. | मतदाता नामावली प्रकाशन | दिनक १० बजे |
| " | २. | मतदाताक छुट नाम दर्ता एवं नामावलीमें संसोधन | दिनक ११ बजे सँ १ बजे धरि |
| " | ३. | मतदाताक अन्तिम नामावली प्रकाशन | दिनक २ बजे के वाद |
| २०७९।०२।२९ | ४. | उम्मेदवारक मनोनयन दर्ता | दिनक १० बजे सँ १ बजे धरि |
| " | ५. | उम्मेदवारक मनोनयन उपर छानविन | दिनक २ बजे सँ २:३० बजे धरि |
| " | ६. | उम्मेदवारक नामावली प्रकाशन | दिनक ३ बजे के वाद |
| २०७९।०२।३० | ७. | उम्मेदवारक उपर दावी विरोध | दिनक १० बजे सँ १२ बजे धरि |
| " | ८. | पून:उम्मेदवार नामावली प्रकाशन | दिनक १ बजे सँ ३ बजे धरि |
| २०७९।०२।३१ | ९. | उम्मेदबारी फिर्ता लेवाक | दिनक १० बजेसँ ३ बजे धरि |
| " | १०. | उम्मेदबारक अन्तिम नामावली प्रकाशन | दिनक ३ बजे वाद |
| २०७९।०३।०४ | ११. | मतदान............................................ | दिनक १० बजे सँ ३ बजे धरि |
| " | १२. | मतगणना आ परिणामक घोषणा | मतदान सम्पन्न भेलाके वाद मतगणना आ परिणामक घोषणा |

नोट:- (क) २०७८ फाल्गुन धरीक सदस्यता ग्रहण एवम् नवीकरण कयल सदस्य मात्र चुनाव कार्यक्रममे सहभागी भ:सकैत अछि।
(ख) कार्यकारणीक पदाधिकारी आ सदस्यक उम्मेदवारी लेल विधानक भाग ७ धारा ९.५ अनुसारक योग्यता पहुचवाक आवश्यक अछि।
(ग) उमेर प्रमाणित करवाक लेल उम्मेदवारी संग नागरिकता वा उमेर प्रमाणित करैवाला आधिकारिक प्रमाणक छाँयाकपी अनिवार्य अछि।
(घ) निवाचन प्रयोजनक लेल विधान एवम् निर्वाचन नियमावली अनुसार लागयवाला शुल्क फिर्ता नै होयत।
(ङ) अन्य निर्वाचनक काम कारवाही विधान एवम् निर्वाचन नियमावली अनुसार होयत।
(च) निर्वाचन आयोग के निर्धारित कार्यक्रम में परिवर्तन वा स्थगित सकवाक अधिकार निहित रहत।

(नरसिंह लाल कर्ण)
प्रमुख आयुक्त
चि.स.स. सप्तरी
निर्वाचन आयोग


## पखालाबाट बचौं र बचाऔं।

पखाला लाग्न नदिन,

- खुलास्थानमा शौच नगरौं, शौचालयको प्रयोग गरौं।
- शौचालयको प्रयोग र फोहोर छोएपछि साबुनपानीले मिचिमिचि हात धुने गरौं।
- खाना बनाउनु खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं।
- उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं।
- बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं।
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
- घरका कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं वरिपरि सफा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np